# राष्ट्रिय जनगणना २०७८ को थप नतिजा सार्वजनिक सम्बन्धी
# प्रेस विज्ञप्ती

राष्ट्रिय जनगणना २०७८ सञ्चालनको क्रममा वि.सं. २०७८ भाद्र ३० देखि असोज १८ सम्म (बीस दिन) घर तथा परिवारसम्बन्धी विवरण र दोस्रो चरणमा वि.सं. २०७८ कार्तिक २५ देखि मंसिर ९ सम्म (पन्ध्र दिन) प्रत्येक व्यक्ति तथा परिवारको बारेमा विस्तृत विवरण संकलन गरिएको थियो । राष्ट्रिय जनगणनाका प्रमुख नतिजाहरु सार्वजनिक भईसकेका छन्। अन्य थप विस्तृत नतिजा तथा विश्लेषणात्मक प्रतिवेदनहरु सार्वजनिक गर्ने क्रममा रहेका छन्। यसै सन्दर्भमा घर तथा घरपरिवार सूचीकरण फाराम अन्तर्गत संकलित विवरणहरु मध्ये घरको मुख्य प्रयोग, घरको तला, घरको मुख्य प्रयोग अनुसार घरको आयु, सरकारी अनुदान प्राप्त गरी आवासीय घर निर्माण गरेका परिवार, बैक तथा वित्तीय संस्थामा खाता भएका परिवार, प्राविधिक तथा व्यवसायिक शिक्षा वा तालिम लिएका परिवार र बैक, सहकारी संस्था वा वित्तीय संस्थाबाट ऋण सुविधा लिएका परिवारसम्बन्धी सूचकहरु समेटी नतिजा प्रकाशन गरिएको छ । यी नतिजाहरु संघ, प्रदेश तथा स्थानीय तहसम्म डिजिटल (इलेक्ट्रोनिक्स) प्रतिको रूपमा Excel file https://nsonepal.gov.np/ or https://censusnepal.cbs.gov.np/results/downloads/provincial वेवसाईट मार्फत डाउनलोड गरी हेर्न सकिन्छ।

सार्वजनिक गरिएको नतिजाको सार संक्षेप निम्न अनुसार रहेको छ।

१. राष्ट्रिय जनगणना २०७८ अनुसार नेपाल भर रहेको कुल ७५ लाख ५२ हजार ६६ वटा घरहरुमध्ये सबैभन्दा बढी ५९.८२ प्रतिशत एक तले घर रहेका छन् भने दोस्रोमा २८.७८ प्रतिशत २ तले, ९.१७ प्रतिशत ३ तले, १.३ प्रतिशत ४ तले, ०.६४ प्रतिशत ५ देखि ७ तले, ०.०१ प्रतिशत ८ देखि ९ तले र ०.००३ प्रतिशत १० भन्दा बढी तले घर रहेका छन्। मधेश प्रदेशमा एक तला भएको घर सबैभन्दा बढी अर्थात ८४.४२ प्रतिशत रहेको छ भने पाँच वा सोभन्दा बढी तला भएको घर बागमती प्रदेशमा सबैभन्दा बढी अर्थात २.३४ प्रतिशत रहेको छ ।

२. घर तथा घरपरिवार सूचीकरण फाराममा संकलित विवरणमध्ये घरको मुख्य प्रयोग र घरको आयु अनुसार नतिजा सार्वजनिक गरिएको छ । घरको आयुलाई १२ वटा ( ० वर्ष, १ वर्ष, २ वर्ष, ३ वर्ष, ४ वर्ष, ५-९ वर्ष, १०-१४ वर्ष, १५-१९ वर्ष, २०-२९ वर्ष, ३०-४९ वर्ष, ५०-९९ वर्ष र १०० वर्ष भन्दा माथि) मा वर्गिकरण गरिएको छ । जसअनुसार कुल ७५,५२,०६६ वटा घरमध्ये सबैभन्दा बढी २७.९५ प्रतिशत घर ०-४ वर्षका रहेका छन् भने सबैभन्दा कम १०० भन्दा बढी बर्षका ०.५ प्रतिशत घर रहेका छन्।

३. देशभरका कुल ६६,६०,८४१ परिवार (संस्थागत परिवार बाहेक) मध्ये १०.२७ प्रतिशत परिवारले आवासीय घर निर्माण गर्दा सरकारी अनुदान लिएको देखिन्छ। उक्त प्रतिशत सबैभन्दा बढी बागमती प्रदेशमा २६.६४ प्रतिशत र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा २.९८ प्रतिशत रहेको छ ।

४. देशभरका कुल ६६,६०,८४१ परिवार मध्ये ४१,२२,६९० अर्थात् ६१.८९ प्रतिशत परिवारमा कम्तिमा १ जना सदस्यको बैक तथा वित्तीय संस्थामा खाता रहेको देखिन्छ । यसै गरी कुल २,९१,६४,५७८ जनसंख्यामध्ये ७४,०९,१८१ जना अर्थात् २५.५६ प्रतिशत व्यक्तिको बैक तथा वित्तीय संस्था (सहकारी संस्था बाहेक) मा कम्तिमा एउटा खाता रहेको देखिन्छ । यसैगरी कुल १,४२,५३,५५१ जना पुरुष मध्ये २६.४२ प्रतिशत र कुल १,४९,११,०२७ जना महिला मध्ये २४.७४ प्रतिशतको बैंक तथा वित्तीय संस्थामा कम्तिमा एउटा खाता रहेको छ ।

५. देशभरका कुल ६६,६०,८४१ परिवारमध्ये ८,३६,१२७ अर्थात् १२.५५ प्रतिशत परिवारमा कम्तिमा १ जना व्यक्तिले प्राविधिक तथा व्यवसायिक शिक्षा वा तालिम लिएको देखिन्छ । यसै गरी जम्मा १०,८१,६४६ जना व्यक्ति अर्थात् ५.६७ प्रतिशत (१८ बर्ष वा सोभन्दा माथि उमेरसमूहको कुल जनसंख्यामा) व्यक्तिले उक्त तालिम लिएको देखिन्छ ।

६. देशभरका कुल ६६,६०,८४१ परिवारमध्ये २५.५९ प्रतिशत परिवारले कुनै बैक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट ऋण लिएको देखिन्छ । प्रदेश अनुसार हेर्दा त्यस्ता ऋण लिने परिवार सबैभन्दा बढी मधेश प्रदेशमा २८.८८ प्रतिशत र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा २१.९६ प्रतिशत देखिन्छ।

२०८०/७/१३

राष्ट्रिय तथ्याङ्क कार्यालय

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय